STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ १० गते बिहीबार ❑ 26 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## गण्डकी प्रदेशका मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ भदौ**

मन्त्री भएको ६० दिनभित्र सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने कानुनी प्राबधान भए अनुरुप गण्डकी प्रदेशका दुई मन्त्री बाहेक अन्य मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक गरिएको छ । प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आफ्नो वेवसाइडमा सार्वजनिक गरेको सम्पति विवरण अनुसार दुई जना मन्त्री बाहेक मुख्यमन्त्री सहित अन्य मन्त्रीले सम्पत्ति विवरण बुझाएका हुन् ।

युवा तथा खेलकुद मन्त्री राजीव गुरुङ (दीपक मनाङ)ले म्याद नाघिसक्दा पनि अझै पनि सम्पत्ति विवरण बुझाएका छैनन् । नेकपा माओवादी केन्द्रका भूमि, व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्री चन्द्रबहादुर बुढाले पनि सम्पत्ति विवरण बुझाएका छैनन् ।

मुख्यमन्त्री पोखरेल सहित मन्त्री कुमार खड्का, मधुमाया अधिकारी, हरिशण आचार्य र राजीव गुरुङ (दीपक मनाङे) ले जेठ २९ गते शपथ लिएका थिए । बाँकी ६ जना मन्त्री साउन ८ गते सपथ लिएका थिए । मन्त्री मनाङे तीन पटकसम्म मन्त्री बनेका हुन भने मन्त्री चन्द्रबहादुर बुढाको मन्त्री भएको करिब ३३ दिन भएको छ ।

गण्डकी प्रदेशका कानून, संञ्चार तथा प्रदेश मामिला मन्त्री विन्दु कुमार थापाको सम्पत्ति विवरणमा हेर्दा अन्य मन्त्रीहरुको तुलनामा चल तथा अचल सम्पत्ति बढी भएको उल्लेख गरिएको छ । पोखरा ८ नयाँबजार निवासी मन्त्री थापाले एक करोड २० लाखको गाडी चढ्दै आएका छन भने उनको पोखराको लेकसाइडमा होटल सहित विभिन्न ठाँउमा व्यवसायीक प्रयोजनका लागि ६ वटा घर तथा भवनहरु रहेका छन् । मन्त्री थापा र उनको परिवारसंग हाल करिब १ सय ६८ रोपनी भन्दा बढी जग्गा रहेको छ भने करिब ३० करोड जसो ऋण समेत रहेको छ । उनको घरमा हाल ५५ हजार १ सय ५ रुपैया मौजदात रुकम रहेको छ भने विभिन्न बैंकहरुमा करिब ७ करोड रहेको छ । उनीसंग ९० तोला सुन, ५० तोला चाँदी र १५ तोला हिरा रहेको उनले पेश गरेको सम्पत्ति विवरणमा उल्लेख गरिएको छ । पोखरा वुटिक होटल, बगैचा रिसोर्ट, सिटि ट्रेड मल, गण्डकी ट्रेड हाउस, रोयल हिमालयन रिसोर्ट लगायतमा उनको लगानी भएको छ । बैंक तथा वित्तीय संस्थाहरुमा मन्त्री थापा र उनको परिवारजनको डेढ दर्जन भन्दा बढीमा करोडौंको शेयर लगानी रहेको छ ।

त्यसपछि सम्पत्ती विवरण हेर्दा शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठ, भौतिक पूर्वाधार मन्त्री कुमार खड्का, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्मा अन्य मन्त्री भन्दा केही धनि देखिन्छन । मुख्यमन्त्री पोखरेल, मन्त्री थापा सहितका अधिकांश मन्त्रीहरुले व्यक्ति, सहकारी देखि विभन्नि बैंकहरुसंग ऋण लिएका छन् । स्याङ्जा भीरकोट स्थायी घर भएका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठको भीरकोट र काठमाडौं नागार्जुनमा घर रहेको छ । मन्त्री र उनको परिवारको नाममा काठमाडौं र स्याङ्जाका भीरकोट नगरपालिकामा विभिन्न ठाँउमा जग्गा रहेको छ । मन्त्री श्रेष्ठसँग अन्य मन्त्रीको तुलनामा सवै भन्दा बढी सुन रहेको छ । उनको नाममा १ किलो १९ तोला सुन रहेको छ भने उक्त सुन पैतृक तथा पेवा सम्पत्ति भएको मन्त्रीले सम्पति विवरणमा उल्लेख गरेका छन् । साथै उनीसंग ७ किलो २ तोला चाँदी रहेको श्रेष्ठले सार्वजनिक गरेका छन् । श्रेष्ठ र परिवारको नाममा करिब ७ करोड रुपैयाँ बैंक तथा वित्तीय संस्थामा बचत रहेको सम्पत्ति विवरणमा उल्लेख गरिएको छ ।

उनले ७ करोड ९० लाख रुपैयाँ बैंक मार्फत ऋण लिएका छन् । मन्त्री श्रेष्ठसँग ४५ लाख मुल्यको एउटा कार, २ वटा स्कुटर छ भने स्याङ्जाको भीरकोटस्थित सुन्तला बगैंचाबाट प्रति वर्ष ६ लाख रुपैयाँ आम्दानी गर्दै आएका छन् । पोखरा महानगरपालिका-१६ स्थायी घर भएका भैतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यबस्था मन्त्री कुमार खड्काको ७ आना

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## दुवै दललाई आयोगद्वारा मान्यता

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ भदौ**



निर्वाचन आयोगले नेकपा (एकीकृत समाजवादी)लाई राजनीतिक दलको मान्यता प्रदान गरेको छ ।

आयोगको बुधबारको बैठकले माधव नेपालको अध्यक्षतामा रहेको नेकपा (एकीकृत समाजवादी) र लोकतान्त्रिक समाजवादी पार्टीलाई दलको मान्यता प्रदान गर्दै प्रमाणपत्र दिएको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । आयोगका सचिव सुरेश अधिकारीले नेकपा (एकीकृत समाजवादी)का नेता राजेन्द्रप्रसाद पाण्डे र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता केशव झालाई दल दर्ताको प्रमाणपत्र प्रदान गर्नुभएको हो ।

नेकपा(एमाले)बाट विद्रोह गरी अलग राजनीतिक दलका लागि ५६ केन्द्रीय सदस्य र ३० सांसदले आयोगमा सशरीर उपस्थित भई नयाँ दलका पक्षमा सनाखत गरेका हुन् । राजनीतिक दलसम्बन्धी अध्यादेशका आधारमा दलका केन्द्रीय सदस्य र सांसदलाई आवश्यक कागजातसहित बिहान ११:३० देखि दिउँसो २ बजेसम्म सनाखतका लागि बोलाएको थियो ।

दल दर्ताका लागि निवेदन दिँदाका बेला ५८ जनाको नाम पेश गरेकामा भास्कर काफ्ले र रवीन कोइराला मात्र सनाखत हुन सकेन । पूर्वप्रधानमन्त्री एवं पार्टीका वरिष्ठ नेता झलनाथ खनालले भारतको नयाँ दिल्लीस्थित नेपाली दूतावासबाट सनाखत गर्नुभएको छ । सङ्घीय संसद्का २९ जना सांसदले पनि नयाँ दलका पक्षमा सनाखत गर्नुभयो । सांसद सोमप्रसाद पाण्डेय, मायादेवी ज्ञवाली र शारदा भट्टको निवेदनका बेला दस्तखत नभए पनि आज उक्त दलका पक्षमा सनाखतका लागि आयोग पुग्नुभयो । नेकपा (एमाले)बाट विभाजन भएका हुनाले उक्त दलको तत्कालीन कायम रहेको २०३ मध्ये दलको मान्यता पाउन ४१ केन्द्रीय सदस्य समर्थन आवश्यक पर्दथ्यो ।

पुराना राजनीतिज्ञ महन्थ ठाकुरको नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाललाई पनि आयोगले बुधबार दलको मान्यता प्रदान गरेको छ । १४ जना सांसदले नयाँ दल दर्ताका लागि गरेको हस्ताक्षर सनाखत भएपछि आयोगले लोसपालाई छुट्टै दलको रुपमा दर्ता गरेको हो । आयोगमा लोसपाको दर्ता नम्बर १६७ रहेको छ ।

## विकास समितिद्वारा समयमै काम नगर्ने ठेकेदारलाई कारवाही गर्न मन्त्रालयलाई निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ भदौ**

गण्डकी प्रदेशको अर्थ तथा विकास समितिले निर्धारित समयमा कामनगर्ने ठेकेदारलाई कारवाही गर्न निर्देशन दिएको छ। वुधबार गण्डकी प्रदेशका भौतिक पूर्वाधार शहररी तथा यातायात ब्यवस्था मन्त्रालयका सचिव सहितलाई बोलाएर गरेको छलफलपछि समितिका सभापति दीपक कोइरालाले उक्त निर्देशन दिनुभएको हो । समितिले मन्त्रालयलाई रातो कितावमा परेका योजना नकाट्न निर्देशन पनि दिएको छ । रातो कितावमा परेका योजना बजेट अभाव देखाएर काट्ने गरेको गुनासो आएको भन्दै समितिका सभापति दीपक कोइरालाले मन्त्रालयलाई निर्देशन दिदै भन्नु भयो,'रातो कितावमा परेका योजना कोल्याप्स गर्ने काम रोक्न समिति निर्देशन दिन्छ ।'

समितिले महत्वपूर्ण योजनालाई आयोजनाका रुपमा अगाडि बढाउनपनि निर्देशन दिएको छ । 'सबै योजनालाई आयोजनाका रुपमा अगाडि बढाउनु भनेको होइन, तर दुरगामी महत्व राख्ने केहि महत्वपूर्ण योजनालाई आयोजनाको रुपमा अगाडि बढाउन समिति निर्देशन दिएको छ ।समयमै गुणस्तर मापदण्ड पूरा गरेर निर्माण सम्पन्न गर्ने कम्पनीलाई भुक्तानी नरोक्नपनि समितिले मन्त्रालयलाई निर्देशन दिएको छ । समितिले चौमासिकको अन्तिममा मात्रै काम हुने र बजेट सक्ने गरिएकोप्रति ध्यानाकर्षण भएको जनाउँदै अब आईन्दा चौमासिक पुनु अगाडि नै काम गर्ने वातावरण निर्माण गर्नपनि मन्त्रालयलाई निर्देशन दिएको छ ।

मन्त्रालयका सचिव रामचन्द्र श्रेष्ठले राम्रा काम गर्ने कम्पनीलाई समयमै भुक्तानी दिने र प्रोत्साहन गर्ने तथा ढिलासुस्ती गर्ने, समयमै काम नसक्ने, गुणस्तर कायम नगर्ने निर्माण कम्पनीलाई मन्त्रालयले कारवाहीको



दायरामा ल्याउने काम गरिरहेको बताउनृ भयो । उहाँले दक्ष ईञ्जिनियरको अभावका कारण त्यसको असर काममा परिरहेको स्वीकार गरे । 'दरबन्दीको आधा ईञ्जिनियरले काम चलाउनु परेको छ, अस्थायी ईञ्जिनियर राखेर काम सिकायो, अर्को वर्ष राख्न पाईंदैन र फेरी सिकाउनुपर्ने बाध्यता छ, यसको असर काममा पर्ने नै भयो ।' संघले निजामति ऐन नबनाउँदा प्रदेश लोक सेवा आयोगले स्थायी कर्मचारी भर्ना गर्न नपाएकाले निजामति ऐन बनाउनका लागि संघ सरकारलाई घचघचाउन आग्रह गर्नुभयो । सचिव श्रेष्ठले बजेट अभावमा कतिपय योजना चाहेरपनि अगाडि बढाउन नसकिएको बताए । 'अहिले हालिएका योजना कार्यान्वयन गर्न १० अर्ब चाहिन्छ, तर हामीसँग ५ अर्ब २८ करोड मात्र बजेट छ, ४ अर्ब ७२ करोड कम बजेटका कारण लगभग आधा योजना रोकिने स्थिति छ'-उनले भने । छलफलमा बोल्दै मुस्ताङका सांसद एवं समितिका सदस्य चन्द्रमोहोन गौचनले मुस्ताङमा काम सम्पन्न हुदापनि

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

पोखरा ईन्जिनियरिङ्ग कलेजको नयाँ भर्ना सम्बन्धि सूचना !

प्राविधिक ईन्जिनियरिङ्ग शिक्षामा सधै अग्रस्थानमा रहन सफल यस पोखरा ईन्जिनियरिङ्ग कलेजमा नयाँ शैक्षिक शत्र २०७८/७९ को लागि निम्न विषयहरूमा भर्ना खुल्यो ।

कार्यक्रमहरु:
- Diploma in Computer Engineering (Overseer) 3 yrs
- Diploma in Civil Engineering (Overseer) 3 yrs


आवश्यक न्यूनतम योग्यता : SEE मा Math र Science मा C र अंग्रेजीमा D+ वा सो सरह।

- Pre-Diploma in Civil Engineering (18 months) को लागि SEE वा SLC मा जुनसुकै Grade वा प्रतिशत ल्याएको विद्यार्थीले पनि पढ्न पाउने।

फारम बुझाउने अन्तिम मिति : २०७८ भाद्र १८ गते शुक्रबार सम्म मात्र।

नोट: जनजाति, महिला, दलित, मधेसी, दुर्गम, विपन्न, पिछडा वर्ग र उत्कृष्ठ विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ ।

विस्तृत जानकारीको लागि:
पोखरा ईन्जिनियरिङ्ग कलेज
फिर्के-८ पोखरा, फोन नं.०६१-५२५९२६, ५३१२०९, ५२८५३०
www.pec.edu.np






# आर्थिक क्रान्तिका लागि युवाको भूमिका महत्वपूर्णः मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ भदौ**

गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बराल (जीवन) ले मुलुकमा आर्थिक क्रान्ति गर्नका लागि युवा सङ्गठित हुनुपर्ने बताउनुभएको छ।

योङ कम्युनिष्ट लिग (वाइसिएल) पोखरा- २२ को भेलामा उहाँले उत्पादनसँग युवालाई जोडिनुपर्ने आवश्यकता औंल्याउनुभयो । "अबका युवा सामूहिक उद्योग तथा व्यवसायसँगै उत्पादनमा जोडिनुपर्छ, मुलुक उत्पादनमा आत्मनिर्भर नभइ आर्थिक विकास सम्भव हुँदैन", उहाँले भन्नुभयो, "युवाले व्यक्तिगत नभइ समाज र राष्ट्रको हितमा काम गर्नुपर्दछ।"

वाइसिएलका केन्द्रिय सचिव विनय थापाले यही भदौ १२ र १३ गते काठमाडौँमा भर्चुअल माध्यमबाट वाइसिएलको भेला हुन गहिरहेको जानकारी दिँदै कोभिड-१९ का कारण धेरै भिडभाड र जम्काभेट गर्न नसकिएको बताउनुभयो।

पोखरा-२२ वाइसिएलका अध्यक्ष हेमराज बरालको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा माआवादी केन्द्र पोखरा-२२ का इन्चार्ज त्रिभुवन पौडेल, पार्टी अध्यक्ष चण्डीकाप्रसाद बराललगायतले मुलुकको निर्माणमा युवाको भूमिका महत्वपूर्ण रहेको धारणा राख्नुभयो।

# लेखनाथ उद्योग वाणिज्य संघको अध्यक्षमा आत्रेय

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ भदौ**

लेखनाथ उद्योग वाणिज्य सङ्घको अध्यक्षमा छत्रधर आत्रेय सर्वसम्मत रूपमा चयन हुनुभएको छ।

सङ्घको यही भदौ १८ र १९ गते हुने १३औँ अधिवेशनका लागि मङ्गलबार भएको उम्मेदवारी मनोनयमा अध्यक्ष पदका लागि आत्रेयको मात्रै उम्मेदवारी परेका कारण विधानतः उहाँ सर्वसम्मत बन्नुभएको हो । सङ्घको अन्य पदमा भने निर्वाचन हुने भएको छ । वरिष्ठ उपाध्यक्षमा वर्तमान कार्यसमितिका प्रथम उपाध्यक्ष विनोद श्रेष्ठ तथा अघिल्लो कार्यसमितिका महासचिव भरतकुमार अधिकारीको उम्मेदवारी परेको छ। त्यस्तै प्रथम उपाध्यक्षमा राजेन्द्र ओझा र प्रकाशलाल श्रेष्ठको उम्मेदवारी परेको छ, भने द्वितीय उपाध्यक्षमा शैलेन्द्रमोहन भट्टराई तथा गोपीचन्द्र बाँस्तोलाको उम्मेदवारी छ । महासचिव पदमा उपेन्द्र सुवेदी र मेनुका श्रेष्ठ, उपमहासचिवमा जानुका पराजुली र धीरजकुमार श्रेष्ठको उम्मेदवारी परेको छ। कोषाध्यक्ष पदमा रामजी पौडेल, भीमबहादुर नेपाली 'काइला', भरत ओझा र दिलकुमारी दाहाल 'सन्ध्या' को उम्मेदवारी परेको छ । सङ्घको आठ खुल्ला सदस्य, दुई महिला सदस्य ,एक संस्थागत सदस्य र एक एशोसियट सदस्य गरी १२ जनाको लागि ३० जनाको उम्मेदवारी छ । अध्यक्ष पदमा सर्वसम्मत बन्नुभएका आत्रेयले उद्योगी व्यवसायीका हकहितका लागि क्रियाशील बन्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । आफूले व्यावसायिक क्षेत्रमा गरेको योगदानका कारण सर्वसम्मत हुन पाएको स्मरण गर्दै उहाँले कोभिडका कारण मारमा परेका व्यवसायीका हकहितका सवालमा सम्बन्धित निकायमा अझै सशक्त आवाज उठाउने उहाँले बताउनुभयो। सङ्घमा हाल एक हजार ७३६ व्यवसायी आवद्ध छन्।

# थप दुई हजार ४८२ संक्रमित, ४४ को मृत्यु

**रासस**
**काठमाडौँ, ९ भदौ**

पछिल्लो २४ घण्टामा दुई हजार ४८२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । पछिल्लो समय १५ हजार २९० जनाको परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको हो।

सो अवधिमा एक हजार ८१ जना कोरोना भाइरस संक्रमण मुक्त भएका छन् । योसँगै हालसम्म नेपालमा सात लाख तीन हजार ९६४ जना संक्रमण मुक्त भएका छन्। नेपालमा संक्रमण मुक्त हुने दर ९३ दशमलव ५ प्रतिशत छ।

हालसम्म नेपालमा ४३ लाख चार हजार ६७२ जनाको कोरोना परीक्षण भएकामा आठ लाख ३४ हजार ४५० मा संक्रमण देखिएको छ । हालसम्म सात लाख तीन हजार ९६४ संक्रमण मुक्त भएको मन्त्रालयले जानकारी गराएको छ।

हाल देशभर सक्रिय संक्रमितको संख्या ३८ हजार २८७ रहेको छ। होम आइसोलेसनमा ३५ हजार २५० छन् भने संस्थागत आइसोलेसनमा तीन हजार ३७ छन् । देशभर ६१० संक्रमितको सघन उपचार कक्षमा तथा १६१ संक्रमितको भेन्टिलेटरमा उपचार भइरहेको मन्त्रालयले जनाएको छ। पछिल्लो २४ घण्टामा कोरोना भाइरस संक्रमणबाट थप ४४ जनाको मृत्यु भएको छ। योसँगै कोरोना भाइरस संक्रमणबाट मृत्यु हुनेको संख्या १० हजार ६१२ पुगेको मन्त्रालयले जनाएको छ । सो अवधिमा काठमाडौँ उपत्यकामा ५४५ जना संक्रमित थपिएका छन् । तीमध्ये काठमाडौँमा ५१५, ललितपुरमा ८८ तथा भक्तपुरमा १४२ जनामा भाइरस संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

# नेकपा (माओवादी केन्द्र) को प्रवक्तामा महरा

**रासस**
**काठमाडौँ, ९ भदौ**

नेकपा (माओवादी केन्द्र)को प्रवक्तामा कृष्णबहादुर महरा चयन हुनुभएको छ। उहाँलाई प्रवक्तासँगै प्रचार तथा प्रकाशन विभाग र राष्ट्रिय सुरक्षा विभाग प्रमुखको समेत जिम्मेवारी दिइएको छ। यसअघि प्रवक्ताको जिम्मेवारीमा रहनुभएका नेता नारायणकाजी श्रेष्ठलाई प्रवास समितिको जिम्मेवारी दिइएको छ।

यही भदौ ५ र ६ गते बसेको केन्द्रीयसमिति बैठकबाट सो पार्टीले केन्द्रीय विभाग, प्रदेश, प्रवास, जिल्ला समन्वय, उपत्यका समन्वय, सम्पर्कजस्ता समिति गठन गरेर नेताहरूको जिम्मेवारी तोक्ने निर्णय गरेको हो।

बैठकको निर्णयानुसार प्रदेश नं १ को इञ्चार्जमा सुरेन्द्र कार्की (राम कार्की), प्रदेश नं २ को इञ्चार्जमा गणेश शाह, वाग्मतीको इञ्चार्जमा हितमान शाक्य, गण्डकीको इञ्चार्जमा हितराज पाण्डे, लुम्बिनीको इञ्चार्जमा चक्रपाणि खनाल, कर्णालीको इञ्चार्जमा शक्ति बस्नेत र सुदूरपश्चिम प्रदेशको इञ्चार्जमा खगराज भट्टलाई तोकिएको छ।

यसैगरी विशेष समितिको इञ्चार्जमा लीलामणि पोखरेल, सम्पर्क समन्वय समितिको इञ्चार्जमा डिलाराम आचार्यलाई तोकिइएको छ भने पार्टी स्कुल विभागको इञ्चार्ज अध्यक्ष पुष्पकमल दाहाल आफैले राख्नुभएको छ । पार्टीको शक्तिशाली विभागका रूपमा रहेको सङ्गठन विभागको प्रमुखमा जनार्दन शर्मालाई जिम्मेवारी दिइएको छ । यस्तै नेता देव गुरुङलाई संघीय संसदीय विभाग प्रमुख, वर्षमान पुनलाई अर्थ तथा योजना विभाग प्रमुख र केन्द्रीय कार्यालय इञ्चार्जमा मातृका यादव, उपभोक्ता हित तथा आपूर्ति विभाग हरिबोल गजुरेल, कृषि तथा भूमिसुधार विभाग लीलामणि पोखरेल, जलस्रोत सिँचाइ तथा ऊर्जा विभाग प्रमुख र विदेश मामला विभागमा सुरेन्द्र कार्कीलगायतले जिम्मेवारी पाउनुभएको छ।

# गण्डकीमा ४९६ संक्रमित थपिए

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ भदौं**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा ४९६ जना कोरोना सङ्क्रमित थपिएका छन् भने ३८० जना सङ्क्रमणमुक्त भएका छन्।

यस अवधिमा प्रदेशमा कोरोना सङ्क्रमणका कारण १२ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा कास्कीका सात, स्याङ्जाका दुई तथा पर्वत, तनहुँ र बागलुङका एक/एक जना रहेको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो । योसँगै प्रदेशमा कोरोना सङ्क्रमण भई मृत्यु हुनेको सङ्ख्या एक हजार २५९ पुगेको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ। प्रदेशमा सक्रिय सङ्क्रमितको सङ्ख्या चार हजार ३९८ जना रहेको छ भने होमआइसोलेसनमा चार हजार आठ जना छन्।

## विकास ...

निर्माण कम्पनीले पैसा भुक्तानी पाउन नसकेको गुनासो आएको भन्दै मन्त्रालयको ध्यानआर्कषण गराउनु भएको थियो भने म्याग्दीका सांसद एवं समितिका सदस्य विनोद केसीले रातो कितावमा योजना पर्ने तर फिल्डमा काम नहुने गरेको गुनासो गर्नुभएको थियो । डिपिआर फिल्ड अनुसारको नहुदा विकासमा अवरोध आएको बताउनु भयो।

स्याङ्जा सांसद एवं समितिका सदस्य मीन प्रसाद गुरुङले पहिले रातो कितावमा भएका योजनाहरु कम सम्पन्न नभइ हट्दा जनतामा निरासा छाएको बताउनु भयो। तनहुँका सांसद एवं समितिका सदस्य सरिता गुरुङले संघिय सरकार ,प्रदेश सरकार र स्थानीय तहको मापदण्ड फरक फरक हुदा विकासमा एक रुपता आउन नसकेको बताउनु भएको थियो । सडक तथा भवन महाशाखाका प्रमुख राम पराजुलीले ११ वटै जिल्लामा पूर्वाधार विकास कार्यलय रहेकोले सडक मर्मतको लागि सोही जिल्लामा बजेट आवश्यक देखिएको जिल्लाबाट कुराहरु आएकोले आफुहरु सकारात्मक रहेको बताउनु भयो।

कार्यक्रममा गण्डकी प्रदेशका ११ वटै जिल्लास्थित पूर्वाधार विकास कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुले बजेट अभाव, कर्मचारी अभाव र ईआई, आईईई.लगायतका प्राविधिक कामहरु नहुँदा पूर्वाधार निर्माणको काम सोंचे अनुसार गर्न नसकिएको बताउनु भएको थियो । भर्चुअल रुपमा सहभागिता जनाउँदै उहाँहरुले कर्मचारी ब्यबस्थापन गरेर पर्याप्त बजेट दिएमा कामको प्रगति देखिनेगरी काम गर्न सकिने जनाउनु भयो।

समितिले प्रदेशका ३६ वटा नमुना सडक र मोटरेवलपुलको बारेमा ११ वटै जिल्लाका पूर्वाधार विकास कार्यलयका प्रमुख एवं प्रतिनिधिसंग प्रगति अवस्था वारे जानकारी लिएको थियो । समितिले लगातार रुपमा छफलफल तथा अन्तरक्रिया आयोजना गरेको यस हप्ता मात्रै समितिको ३ वटा वैठक सम्पन्न भएको सचिव रविन्द्र घिमिरेले बताउनु भयो।

## गण्डकी ...

जग्गामा साँढे दुई तले घर रहेको छ। मन्त्री खड्काको विभिन्न बैंक तथा वित्तीय संस्थामा १ करोड रुपैयाँ बचत रहेको छ।

खड्काले अमरदीप सहकारीमा ५१ लाख ५० हजार रुपैयाँ र जन्मभूमि एजुकेशन फाउण्डेसन प्रालिमा ५ लाख मुल्य बरालको सेयर रहेको सम्पति विवरणमा उल्लेख गरेका छन् । उनले उज्ज्वल खड्कालाई ६० लाख रुपैयाँ र हरिबहादुर थापालाई २५ लाख रुपैयाँ ऋण दिएको विवरण समेत सर्वजनिक गरेका छन् । बागलुङ काठेखोला ८ मा स्थायी घर भएका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्माको श्रीमतीको नाममा ४८ लाख ५० हजार मुल्य बराबरको घर रहेको छ । दाइजो र पुर्खौली सम्पत्तिबाट प्राप्त गरी मन्त्री शर्मासँग २५ तोला सुन र १ किलो चाँदी रहेको छ भने करिब ३ लाख रुपैयाँ विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा बचत रहेको छ। उनी र उनको परिवारको नाममा विभिन्न कम्पनीमा करिब एक करोड रुपैयाँभन्दा बढी रकमको शेयर रहेको छ । मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नवलपुरमा श्रीमतीको नाममा ५ लाखको जग्गा र १५ लाख लगानीमा बनेको साढे दुई तले पक्की घर रहेको सम्पक्ति विवरणमा उल्लेख छ । जन्मथलो तनहुँको भई हाल नवलपुर बस्दै आएका मुख्यमन्त्री पोखरेलले कृषि विकास बैंकबाट २५ लाख रुपैयाँ ऋण लिएका छन् । उनीसंग ५ तोला सुन छ। साथै उनको नाममा विभिन्न ठाँउ काठमाडौंको साङ्ला जग्गा किनेका छन्। एभरेस्ट बैंकमा तलबको रकम ५ लाख रुपैयाँ वचत भएको छ। पोखरा महानगरपालिका- २२ मा स्थायी घर भएका प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनको घरमा ६० हजार मुल्य बराबरको गाई रहेको छ। १ रोपनी ४ आना २ पैसाको जग्गामा हाल पुरानो घरमा बस्दै आएका मन्त्री बरालसंग ४७ लाख रुपैयाँमा जग्गा किनेका छन् । अर्थमन्त्री बरालले ३ लाख रुपैयाँ नगद र ४ तोला सुन रहेको सम्पति विवरणमा उल्लेख गरेकाछन्। एभरेस्ट बैंकमा तलबबापतको ३ लाख रुपैयाँ बचत रहेको उल्लेख गरेका मन्त्री बरालले पेश गरेको सम्पति विवरणमा एनआइसी एसिया बैंक मार्फत १ करोड रुपैयाँ ऋण लिएको उल्लेख गरेका छन् । बरालका परिवारका नाममा २ मोटरसाइकल र एउटा स्कुटर रहेको छ।

लमजुङको दुधपोखरीमा स्थायी घर भएकी स्वास्थ्य तथा जनसंख्या मन्त्री मधुमाया अधिकारीसँग करिब ३ सय रोपनी जग्गा सहित घर समेत रहेको छ । जनयुद्धमा श्रीमान गुमाएकी मधुमायाले शहीद परिवारलाई सरकारले दिएको राहतबापतको रकमबाट चितवनको २ ठाउँ र मकवानपुरको १ ठाउँमा जग्गा किनेको सम्बपक्ति विवरणमा उल्लेख गरेकी छन् । उनीसँग ३ तोला सुन, विभिन्न बैंकमा ८ लाख ६० हजार नगद र एउटा स्कुटर रहेको छ।

स्याङ्जा बिरुवा २ स्थायी घर भएका वन, वातावरण तथा भूसंरक्षण मन्त्री दीपक थापा परिवारसंग २५ वटा बाख्रा, ७ सय ५० वटा सुन्तलाका वोट रहेको छ। छोराछोरीको रेमिट्यान्सबाट पोखरा महानगरपालिका-१४ मा ४० लाख रुपैयाँमा जग्गा किनेको उनले पेश गरेको सम्पति विवरणमा उल्लेख गरिएको छ। उनीसँग ३० तोला सुन र २० तोला चाँदी छ । विभिन्न बैंकमा १५ हजार नगद देखाएका थापाले ६१ लाख ५० हजार रुपैयाँ ऋण लिएको उल्लेख गरेका छन्। ६ रोपनी जग्गामा मन्त्रीका छोराले चलाएको नर्सरी रहेको छ भने उत्तः नर्सरीबाट बार्षिक रुपमा सुन्तला ५० हजार, अलैची २ लाख, चियाका करिब १ लाख बिरुवा समेत उत्पादन गर्दै आएछन्।

गोरखा पालुङ्टार स्थायी घर भएका ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्री हरिशरण आचार्यको बुवाको नाममा पुर्ख्यौली संयुक्त घर जग्गा रहेको छ। उनको परिवारको नाममा पालुङ्टारमै ३ लाखको जग्गा छ भने ८ तोला सुन र ५ तोला चाँदी रहेको मन्त्री आचार्यले पेश गरेको सम्पत्ति वितरणमा उल्लेख गरेकाछन्। आमुल फर्निचर ३० लाखमा खरिद गरेको उल्लेख गरेका उनले कृषि विकास बैंक र प्रभु बैंकबाट ५० लाख ऋण लिएका लिएका हुन्। जनता समाजवादीबाट प्रतिनिधित्व गरेका मन्त्री आचार्यको विभिन्न बैंकमा ५० हजार बचत छ।






# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो ।
– हजरत अली

## सम्पादकीय

# अध्यादेशबाट दुई दल थपिए

सरकारले प्रमुख विपक्षी दल विभाजन गर्न अध्यादेश ल्याएका कारण नेकपा एमाले विभाजित भएको छ ।२० प्रतिशत केन्द्रीय सदस्य वा संघीय संसद्का सदस्यले दल विभाजन गर्न सक्ने खुकुलो कानुन (अध्यादेश ) ल्याएको थियो । कानुनमा भएको ४० प्रतिशत केन्द्रीय सदस्य र सांसदले दल विभाजन गर्न सक्ने ब्यवस्था छागत साल केपी शर्मा ओलीको सरकारले ४० प्रतिशत केन्द्रीय सदस्य वा सांसदले दल विभाजन गर्न सक्ने अध्यादेश ल्याएको थियो । त्यसबेला कांग्रेस, नेकपा लगायतका दलले विरोध गरेपछि सरकारले फिर्ता लिएको थियो । अहिले झन खुकुलो हुने गरि अध्यादेश ल्याएर सबैभन्दा ठूलो दल एमाले विभाजन गराउने खराब नियत राखेको देखिन्छ । छिटो र खुकुलो कार्यविधि बनाएर पहिलो दल संसद्को विपक्षी दल एमाले र संसद्को चौथो दल जनता समाजवादी पार्टी जसपालाई निर्वाचन आयोगले नेकपा (एकीकृत समाजवादी) र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा)ले राजनीतिक दलको मान्यता दिलाएको छ ।

माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी र महन्थ ठाकुर नेतृत्वको लोसपाले दलको मान्यता पाएको निर्वाचन आयोगले जानकारी गराएको छ । सरकारले जारी गरेको राजनीतिक दल सम्बन्धी अध्यादेशको सुविधा प्रयोग गरेर माधव नेपाल र महन्थ ठाकुरले नयाँ दल गठन गरेका हुन् । माधवकुमार नेपालले महंगो रिसोर्टमा सांसदलाई राखेर दल दर्ता गराएको हुँदा कम्युनिस्ट पार्टी जनताको झुपडीमा जन्मन्छ भन्ने बुझाई गलत भएको छ । सरकारले जारी गरेको राजनीतिक दल सम्बन्धी अध्यादेशमा केन्द्रीय समिति वा संसदीय दलमा २० प्रतिशत संख्या पुर्‍याएपछि दल विभाजन गर्न सकिने व्यवस्था गरेको छ । सोही व्यवस्थाअनुसार एमालेको माधवकुमार नेपाल पक्षले २० प्रतिशत केन्द्रीय सदस्य संख्या पुर्‍याएर एमाले विभाजन गरी एकीकृत समाजवादी पार्टी गठन गरेको हो । त्यस्तै, जसपाको आधिकारिकता गुमाएपछि महन्थ ठाकुर पक्षले आफ्नो पक्षमा केन्द्रीय कार्यकारिणी र संसदीय दलका ३३ प्रतिशतभन्दा बढी सदस्यलाई लिएर लोसपा गठन गरेको छ । नेकपा एमाले विभाजन गरी एकीकृत समाजवादी पार्टी गठनका लागि एमालेको २०३ सदस्यीय केन्द्रीय कमिटीका ५५ जनाले सनाखत गरेका छन । यो कुल सदस्य संख्याको २७ प्रतिशत हो ।

माधव नेपाल पक्षले केन्द्रीय कमिटीमा अध्यादेशले व्यवस्था अनुसारको संख्या जुटाएको छ । तर, एक सांसद अपुग हुँदा संघीय संसदमा २० प्रतिशत पुर्‍याउन सकेन । एमालेको १५४ सदस्यीय संसदीय दलका ३० जनाले मात्र सनाखत गरे । त्यो भनेको खुल संख्याको १९.४८ प्रतिशत हुन आउछ । यद्यपि माधव नेपाललाई साथ दिने संघीय सांसदको संख्या ३३ पुगे पनि तीन जनाले सनाखत गर्न नपाउँदा संसदीय दलमा २० प्रतिशत नपुगेको छ । तीन जनाले सनाखत गर्न पाएको अवस्थामा संसदीय दलमा पनि २१ प्रतिशत हुने थियो । यस्तै जनता समाजवादी पार्टी (जसपा) विभाजन गरी लोसपा दर्ताका लागि नेताहरुले दिएको निवेदनमा पनि निर्वाचन आयोगले बुधबार नै सांसद र केन्द्रीय सदस्यहरुलाई सनाखत गर्न बोलाएको थियो । नयाँ दल दर्ताका लागि जसपाका ५१ सदस्यीय कार्यकारिणी समितिका १७ जनाले सनाखत गरेका छन् । यो कुल सदस्य संख्याको ३३ प्रतिशत हो । राष्ट्रियसभाका तीन र प्रतिनिधिसभाका ३४ गरी ३७ सांसदमध्ये १५ जनाले सनाखत गरेका छन् । यो कुल सदस्य स˜्या ४० प्रतिशत हुन आउछ । निर्वाचन आयोगले नयाँ गठन हुने लागेका दुवै दलका सांसद र केन्द्रीय सदस्यहरूलाई सनाखतका लागि बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्मको समय दिएको थियो ।

निर्धारित समयमा दुवै दलका केन्द्रीय सदस्य र संघीय सांसदको सनाखत गरेका थिए । त्यसपछि बसेको आयोगका पदाधिकारी बैठकले एकीकृत समाजवादी र लोसपालाई दलको मान्यता दिने निर्णय गरेको छ । ठयोसँगै नेपालमा राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलको संख्या ६ पुगेको छ । एमाले माओवादी र समाजवादी राजपाबीच एकता भएपछि राष्ट्रिय मान्यता प्राप्त दलको संख्या तीनमा झरेको थियो । तर, एमाले माओवादीको एकता खारेजी, एमाले र जसपा विभाजन भएपछि राष्ट्रिय मान्यता प्राप्त दलको संख्या ६ पुगेको हो । जसमा नेपाली काँग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जसपा र लोसपा रहेका छन् । सरकारले सत्ता टिकाउन कस्लाई खुशी बनाउने ,कस्लाई रिझाउने जानेको अनुभवी काङ्ग्रेसलाई सिकाउनु जरुरी छ ।



## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : सम्मान मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : मन चञ्चल |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : मानसिक तनाब |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जलवायु परिवर्तनको असर : पग्लँदै हिमाली बस्ती

-वासुदेव पौडेल र नीरज थकाली
गण्डकी, ९ भदौ (रासस)

दुई महिनाअघि हिमालपारिको जिल्ला मुस्ताङको नीलगिरि हिमाल आसपासको बस्तीमा भीषण वर्षा भयो । नीलगिरि हिमालका फेदीका बस्तीहरू लुप्रा, मार्फा, जोमसोम, छैरु, ठिनी, स्याङलगायतका गाउँमा वर्षाले ठूलै असर गर्‍यो । सामान्यतः पानी नै नपर्ने र परिहाले पनि अत्यन्त कम पर्ने ती बस्तीमा एकाएक ओइरिएको पानीले परम्परागत रूपमा निर्मित माटोका छत भएका यहाँका अधिकांश घरमा क्षति पुगेको मुस्ताङको घरपझोङ गाउँपालिका-५ ठिनीका ज्येष्ठ नागरिक कालबहादुर थकालीले जानकारी दिनुभयो ।

“यस क्षेत्रमा यसअघिका वर्षमा यति धेरै पानी परेको मेरो अनुभवमा छैन,” ७५ वर्षीय थकालीले भन्नुभयो, “पछिल्ला वर्षमा बर्सेनि हिमालका माथिल्ला बस्तीमा पानी पर्ने क्रम बढ्दै गएको छ ।” मुस्ताङका अधिकांश बस्तीहरू माटोको शहरका रूपमा परिचित छन् । कम पानी पर्ने भएका कारण यहाँका अधिकांश घर माटोले छापिएका छन् । प्रायशः हिउँ मात्र परिरहने भएकाले छतमा जमेको हिउँ फालिदिएपछि अन्य कुनै समस्या बेहोर्नु नपर्ने यहाँका स्थानीयवासीको अनुभव छ । प्रायः चिसो भइरहने भएका कारण माटोले बनाइएका यहाँका घर वातावरण अनुकूलका मानिन्छन् । माटो छाइएका घरमा बाहिर जस्तोसुकै हिउँ परे पनि घरभित्र न्यानो भइरहन्छ । माटोका घर हिमाली क्षेत्रका बस्तीको मौलिकता भएको बताउँदै थकालीले पछिल्ला वर्षमा हिउँ पर्न छोडेर पानी पर्ने क्रम बढिरहेका कारण बस्तीहरू उच्च जोखिममा रहेको बताउनुभयो ।

हिमाली क्षेत्रमा पानी पर्ने क्रम बढ्नुलाई जलवायु परिवर्तनसँग जोडेर हेर्न थालिएको छ । पछिल्ला वर्षमा बढ्दो तापक्रमसँगै तराई र मधेसका फाँटमा पाइने लामखुट्टे पहाड चढेको झन्डै तीन दशक पुगिसकेको छ भने हिमाली क्षेत्र पनि एक दशयता लामखुट्टेसँग परिचित बनेको छ । विगतमा लामखुट्टेको नामसमेत नसुनेका यहाँका स्थानीयवासीका लागि यतिखेर भने त्यसबाट बच्न झूल प्रयोग गर्नु बाध्यता जस्तै बनेको छ । एक दशकअघिसम्म हिउँ मात्र पर्ने ठिनीमा जलवायु परिवर्तनको असरसँगै पानी पर्न थालेपछि परम्परागत तवरले निर्माण गरिएका माटोका संरचना प्रत्येक वर्ष जोखिममा पर्दै गएका छन् । माटोको सहरका रूपमा आफ्नो छुट्टै मौलिकता बोकेका बस्तीमा पानी पर्ने क्रमसँगै पग्लन र भत्कन थालेपछि सिमेन्टको प्रयोगका साथै जस्ताले छाउन बाध्य हुनुपर्दा मौलिकता नै हराउने चिन्ता थपिएको छ । पानी पर्ने क्रमले हिमाली क्षेत्रमा बाढीपहिराको प्रकोप बढ्नाका साथै कृषि प्रणाली पनि प्रत्यक्ष प्रभावित बनेको छ । गर्मी क्षेत्रमा मात्र फल्ने बन्दा, काउली यतिखेर मुस्ताङको स्याङ, ठिनी लगायतका बस्तीमा पाउन थालिएको छ । तापक्रम बढेसँगै चाँदीजस्तै टलक्क टल्कने हिमालहरू बर्सेनि कालापत्थरमा परिणत भएका छन् । उपल्लो मुस्ताङका लोमन्थाङ, छोनुप, छोसेर, सुर्खाङ, चराङ, घमी लगायतका स्थानमा अत्यन्त कम मात्रामा हिउँ पर्न थालेपछि ती स्थानमा खानेपानीको अभाव बढ्दै गएको छ । पानीको चरम अभावसँगै छोसेरको सामजुङ बस्तीलाई ६/७ वर्षअघि पानीकै खोजीमा नमासुङ गाउँमा सारिएको थियो ।

जलवायु परिवर्तनको असरसँगै हिमाली क्षेत्रमा फल्ने स्याउले आफ्नो ठाउँ छोडेर बिस्तारै उपल्लो भागतिर सर्दै गएको मुक्तिनाथ गाउँका पूर्वमुखिया सुरज गुरुङले जानकारी दिनुभयो । पछिल्लो २/३ वर्षयता मुस्ताङका उपल्ला बस्तीमा पानी पर्ने क्रम बढिरहँदा कृषि प्रणालीमा प्रभाव पर्नाका साथै यहाँका माटाले बनेका संरचनाहरू सङ्कटग्रस्त बनिरहेको उहाँले बताउनुभयो । “बढ्दो पानी पर्ने क्रमले माटो निर्मित यहाँका प्राचीन मौलिक बस्तीहरू बर्सेनि जोखिममा पर्दै गएका छन्,” स्थानीय जनप्रिय युवा क्लबका पूर्वअध्यक्ष एवम् होटेल ग्रान्ड साम्बालाका सञ्चालकसमेत रहनुभएका गुरुङले भन्नुभयो, “बस्तीहरू सङ्कटमा पर्दै गएको अवस्थामा आगामी दिनमा अझै बढ्न सक्ने जोखिमीतर्फ राज्यको बेलैमा चासो पुग्नु आवश्यक छ ।” बढ्दो तापक्रमकै कारण झन्डै १०/१२ वर्षअघि सम्म स्याउको राम्रो उत्पादन हुने लेतेमा पछिल्ला वर्षमा स्याउ फल्नै छोडेको छ । हिमालहरू पग्लने क्रमसँगै नयाँ नयाँ हिमताल बन्ने क्रम बढिरहेको अवस्थामा बेमौसममा पनि बाढी आउन थालेकोयहाँकास्थानीयवासीबताउँछन् । स्थानीयवासीकाअनुसारमुस्ताङकोलुप्रा गाउँमा स्थानीय पाण्डा खोलामा आएको बाढीले यहाँका केही घरमा क्षति पुर्‍याएको छ । पछिल्ला दिनमा लुप्रा खोलामा समयसमयमा माटो मिसिएको लेदोसहितको पानी आउने गरेको छ । हिमाली जिल्लामा पानी पर्ने क्रम बढिरहँदा माटाले बनेका संरचना जोगाउने चुनौती थपिएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले जानकारी दिनुभयो । “हिमाली क्षेत्रमा पानी पर्ने क्रम बढेसँगै यहाँको माटोले बनेका घर तथा बस्ती जोगाउनाका साथै दुई चार सय वर्ष पुराना गुम्बा, मठमन्दिर लगायतका प्राचीन सम्पदा जोगाउनु यतिखेर गम्भीर चुनौतीका रूपमा देखिएको छ,” उहाँले भन्नुभयो । तथ्याङ्कअनुसार पछिल्ला वर्षमा पहाडी भेगमा ०.०६ प्रतिशत र हिमाली भेगमा ०.०४ प्रतिशतका दरले तापक्रममा वृद्धि भइरहेको छ । प्राकृतिक एवम् मानवीय दुवै कारणबाट विश्वव्यापी तापमान बढिरहेको विज्ञहरूको तर्क छ । यसतर्फ बेलैमा सोच्न नसक्ने हो भने यसले पार्ने दीर्घकालीन असर भयावह रूपमा आउन सक्ने देखिएको छ । पोखरा भएर बग्ने सेती नदीमा केही वर्षअघि अपत्यारिलो तवरले हिउँदमा बाढी आएर करिब दुई दर्जन सर्वसाधारणको ज्यान गएको थियो । त्यस्तै पछिल्ला वर्षमा अन्नपूर्ण हिमालको हिउँ पग्लेर कास्कीको सिक्लेस गाउँमाथि नयाँ हिमताल अस्तित्वमा आएको छ । पछिल्लो उदाहरणका रूपमा एक महिना अघि मनाङको चामे खोलामा आएको बाढीले पारेको असर अर्को ज्वलन्त उदाहरण हो ।

पछिल्ला अध्ययनले जलवायु परिवर्तनको असरका कारण हिमताल फुट्दै, सुक्दै र हिमनदीका सीमामाथि सर्दै नदीहरू हिमालमाथि उक्लिरहेको तथ्य बाहिर आएका छन् । नेपालमा मात्र दुई हजार तीन सय २३ वटा हिमताल छन् । यसमध्ये महत्वपूर्ण मानिने हिमनदी र हिमाली क्षेत्रहरूबाट हिउँ पग्लदै जानु यतिखेर गम्भीर चुनौतीका रूपमा देखिएको छ । अहिले विश्वभर मानिसले पिउने पानीको कम्तीमा पनि ७० प्रतिशत पानीको स्रोत हिमखण्ड नै हो । यस्तो अवस्थामा हिउँ पग्लेर हिमाल कालापत्थरमा परिणत हुनु सबैको चासो र चिन्ताको विषय बन्न पुगेको छ ।

जलवायु परिवर्तनको असरसँगै मुस्ताङको तल्लो भेगमा पानी पर्न थालेपछि लेते लगायतका स्थानमा स्याउ खेती घट्दै गएको व्यवसायीको अनुभव छ । करिब २०/२५ वर्षअघि मुस्ताङको लेते लगायतका तल्लो भेगमा स्याउको राम्रो उत्पादन हुने गरेकामा पानी पर्ने क्रम बढेसँगै उत्पादनमा कमी आउन थालेको स्थानीयवासी बताउँछन् । माथिल्ला गाउँमा स्याउ खेती बढ्दै जाँदा जोमसोम, मार्फा, कागबेनी, छुसाङ, सुर्खाङ, टुकुचे, ताङ्वेलगायत गाउँमा व्यावसायिक स्याउ खेतीको विस्तार भएको छ ।

हिमालपारिकै जिल्ला मनाङमा पछिल्लो समय गत असार १ गते आएको बाढीका कारण गाउँहरू नै डुबानमा परी बगरमा परिणत भएका थिए । जिल्लाको नासों गाउँपालिका-१ ताल गाउँ बगरमा परिणत भएसँगै त्यहाँका ५९ घरपरिवार विस्थापित बनेका थिए । ताल गाउँमात्र नभई यहाँका चामे, धारापानीलगायत स्थानमा सरकारी कार्यालयसहित घरहरू डुबानमा पर्दा ठूलो क्षति बेहोर्नुपरेको थियो । बाढीले चामे गाउँपालिका-१ तिमाङ खोलाको बेली ब्रिजसहित यहाँका १६ वटा झोलुङ्गे पुल, आठ/१० वटा काठेपुल बगाएको पूर्वाधार विकास कार्यालय, मनाङका प्रमुख प्रल्हाद दहालले जानकारी दिनुभयो । पुलहरूमा क्षति पुगेपछि स्थानीयवासीहरू एक ठाउँमा आवतजावत गर्न समस्या भएको छ ।

मनाङमा यसअघि यस्तो ठूलो बाढी आएको स्थानीयवासीको अनुभवमा नरहेको बताउँदै दहालले भन्नुभयो, “यसअघि २०५२ सालमा मनाङमा केही बाढी भए पनि यस किसिमको बाढी आएको अनुभव यहाँका ज्येष्ठ नागरिक कसैलाई पनि रहेनछ, यसलाई जलवायु परिवर्तनको असरसँग जोडेर हेर्ने गरिएको छ ।” हिमाली क्षेत्रमा पानी पर्ने क्रम बढ्नु चुनौतीका रूपमा देखिएको उहाँले बताउनुभयो ।

# लमजुङका आठ स्थानीय तहको बेरुजु करिब २५ करोड

पोखरापत्र संवाददाता
लमजुङ, ९ भदौ

पहाडी जिल्ला लमजुङका आठ स्थानीय तहको रु २४ करोड ७२ लाख ८६ हजार बेरुजु देखिएको छ ।

आर्थिक वर्ष २०७६/०७७ मा जिल्लाका चार नगरपालिका र चार गाउँपालिकामा रु सात अर्ब ३६ करोड ३६ लाख ४१ हजार बजेटको लेखा परीक्षण भएकोमध्ये सो रकम बेरुजु देखिएकोहो।महालेखापरीक्षकको ५८औँ वार्षिक प्रतिवेदनका अनुसार जिल्लामा सबैभन्दा धेरै मर्स्याङ्दी गाउँपालिका र सबैभन्दा कम क्व्होलासोथर गाउँपालिकामा देखिएको छ ।

मर्स्याङ्दीको ६.८८ प्रतिशत र क्व्होलासोंको ०.७७ प्रतिशत बेरुजु छ। मर्स्याङ्दीको रु ६ करोड ४२ लाख ४८ हजार र बैंसीसहर नगरपालिकाको रु पाँच करोड ७९ लाख ६९ हजार बेरुजु रहेको छ । राइनास नगरपालिकाको पाँच करोड ९३ लाख ४३ हजार, सुन्दरबजार नगरपालिकाको एक करोड १० लाख ४६ हजार मध्यनेपाल नगरपालिकाको तीन करोड ९१ लाख २३ हजार बेरुजु रहेको उक्त प्रतिवदेनमा उल्लेख गरेको छ । त्यस्तै दूधपोखरी गाउँपालिकाको रु ४८ लाख ५५ हजार बेरुजु रहेको छ ।

दोर्दी गाउँपालिकाको ६९ लाख ३२ हजार र क्व्होलासोंथर गाउँपालिकाको रु ३७ लाख ७० हजार बेरुजु देखिएको छ । सङ्घीय सरकारको ऐनअुसारको मापदण्ड पूरा नगरी गरेको खर्चलाई कार्यालयले बेरुजुका रूपमा देखाउँदै आएको छ।

# ४९ विद्यालयलाई एक लाख उपलब्ध गराइने

पोखरापत्र संवाददाता
दमौली, ९ भदौ

तनहुँको व्यास नगरपालिकाले नगर क्षेत्रभित्र रहेका ४९ विद्यालयलाई प्रतिविद्यालय रु एक लाखका दरले रकम उपलब्ध गराउने निर्णय गरेको छ । नगरपालिकाको मङ्गलबार बसेको कार्यपालिकाको बैठकले प्रतिविद्यालय रु एक लाखका दरले रु ४९ लाख उपलब्ध गराउने निर्णय गरेको हो ।

प्रविधिमैत्री कार्यका लागि उक्त रकम उपलब्ध गराउने निर्णय गरिएको नगरपालिकाका प्रवक्ता एवं वडा नं ५ का अध्यक्ष मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो । उक्त रकमबाट विद्यालयले आवश्यक प्रविधि खरिद गर्नेछन् । “उक्त कार्यका लागि विद्यालयलाई प्रस्ताव पेश गर्न आह्वान गरेका थियौं, विद्यालयले पेश गरेको प्रस्तावका आधारमा सबै विद्यालयलाई रु एक लाखका दरले उपलब्ध गराउने निर्णय भएको छ”, श्रेष्ठले भन्नुभयो । नगरपालिकाले यही भदौ १३ गतेदेखि प्रत्यक्ष कक्षा सञ्चालन गर्ने गरी जिल्ला सङ्कट व्यवस्थापन केन्द्रमा सिफारिस गर्ने निर्णय गरेको छ ।

कोरोना सङ्क्रमण नियन्त्रणका लागि स्मार्ट लकडाउनसम्बन्धी कार्यविधि, २०७८ बमोजिम जोखिम क्षेत्रको विश्लेषण गरी लकडाउन गर्ने र विद्यालयमा सकभर अनलाइन कक्षा सञ्चालन हुन नसकेमा २५ जनाभन्दा बढी कक्षामा नरहने गरी विद्यालय खुलाउने तयारी गरिएको हो । “सकेसम्म अनलाइन नै सञ्चालन गर्ने हो, तर अनलाइन कक्षा सञ्चालन हुन नसक्ने विद्यालयका हकमा २५ जना विद्यार्थी राखेर पठनपाठन शुरु गराउन समितिमा सिफारिस गरिएको छ”, श्रेष्ठले भन्नुभयो । बैठकले नगरपालिकाभित्रका स्नातक तह उत्तीर्ण बेरोजगार महिलालाई उद्यमशीलता अनुदान उपलब्ध गराउन भदौ महिनाभित्र वडाको सिफारिससहित प्रस्ताव पेश गर्न आह्वान गरेको छ ।

त्यस्तै प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि रु २५ लाख बजेट विनियोजन गरिएको छ । वडा नं ६, १०, ११, १३ र १४ मा उक्त कार्यक्रम सञ्चालन गरिनेछ । बैठकले नगरपालिकाभित्र विपद्बाट असर पुगेका खेत, कुलो, घरलगायतका विषयमा प्राप्त वडागत प्रतिवेदनमाथि छलफल गरी वडाको सिफारिसमा विपद्बाट असर पुगेका लाभग्राहीलाई राहत उपलब्ध गराउने निर्णय गरेको छ ।

# गैर शीर्षकबाट ३२ लाख तलब निकासा

रासस
बागलुङ, ५ भदौ

बागलुङमा गैरशीर्षकबाट शिक्षकलाई तलब निकासा गरेको पाइएको छ । तमानखोला गाउँपालिकाले पालिकाभित्रका १९ विद्यालयमा कारारमा कार्यरत ४८ शिक्षकको तलब निकासा गैह्र शीर्षकबाट गरेको पाइएको हो ।

गाउँपालिकाले करारमा नियुक्ति गरेका ती शिक्षकको तलब आन्तरिक स्रोतबाट खुवाउनुपर्ने व्यवस्था रहेको भएपनि सशर्त अनुदानबाट खुवाएको महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको वार्षिक प्रतिवेदनमा उल्लेख छ । गाउँपालिकाले आफै नियुक्ति गरेका शिक्षकको तलव सर्शत अनुदानबाट खुवाउन नमिल्ने बताइएको छ । प्रतिवेदनमा भनिएको छ, “गाउँपालिकाले नियुक्ति गरेको शिक्षकको तलब आन्तरिक स्रोतबाट खुवाउनुपर्नेमा सर्शत अनुदानबाट रु ३२ लाख ३८ हजार तलब निकासा गरेको देखिन्छ । त्यस्ता शिक्षकको तलब आन्तरिक स्रोतबाट खुवाउनुपर्ने व्यवस्था गर्नुपर्दछ।” यसअघि पनि महालेखा परीक्षकको प्रतिवेदनले आफ्नो क्षेत्राधिकार भन्दाबाहिर गएर सो गाउँपालिकाले गैर शीर्षकमा शिक्षकको तलब निकासा गरेको कमजोरी औंलाएको थियो । आन्तरिक स्रोतमा रकम हुँदाहुँदै लेखा प्राणलीको गल्तीका कारण सर्शत अनुदानबाट तलब भुक्तानी हुन पुगेको तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले जानकारी दिनुभयो । “गाउँपालिकाले बेरुजु घटाउन धेरै प्रयत्न गरेको र अघिल्लो वर्षको तुलनामा अहिलेको प्रतिवेदनमा झण्डै रु एक करोड बेरुजु घटेको छ” उहाँले भन्नुभयो, “हामीले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आन्तरिक स्रोतबाट तलब तिर्नेगरी शिक्षकहरू नियुक्ति गरेका छौं तर लेखाले स्थायी शिक्षक सरह मानेर सशर्त अनुदानमार्फत आएको बजेटबाट तलब भुक्तानी गरेको महालेखाले प्रतिवेदनमा उल्लेख गरेपछि थाहा भयो, पालिकाले आगमी दिनमा शीर्षक मिलाएर तलब खुवाइनेछ ।” आर्थिक वर्ष २०७६/७७ मा गाउँपालिकाको बेरुजु १.५१ प्रतिशत रहेको छ । गाउँपालिकाको रु ४९ करोड ९३ लाख ७१ हजारको लेखापरीक्षण गर्दा रु ७५ लाख ५९ हजार रकम बेरुजु देखिएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो प्रतिवेदनमा तमानखोलाको बेरुजु रु एक करोड ८४ लाख थियो । गाउँपालिकाले एक वर्षमा नै रु एक करोड ८४ लाख एक हजारले बेरुजु रकम घटाएको छ । बागलुङ जिल्लाका १० स्थानीय तहको बेरुजु रु १७ करोड ६८ लाख ८६ हजार रहेको छ । उक्त बेरुजु रकम आर्थिक वर्ष २०७५/७६ मा भएको बेरुजु रकमको तुलनामा रु ६ करोड ३७ लाख ७७ हजार कम छ । आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षणमा बागलुङका स्थानीयतहको धेरै कमी कमजोरी औंल्याएको भए पनि आर्थिक वर्ष २०७६/७७ को हालै सार्वजनिक प्रतिवेदनमा गाउँपालिकाअन्तर्गत तमानखोलाको मात्रै खर्च शीर्षकमा कमजोरी देखाएको छ ।

# आमाबुबाको स्मृतिमा मन्दिर

पोखरापत्र संवाददाता
बागलुङ, ९ भदौ

गलकोट नगरपालिका-६ का देवेन्द्रबहादुर बस्नेतले आफ्ना दिवङ्गत आमाबुवाको स्मृतिमा मन्दिर निर्माण गर्नुभएको छ ।

उहाँले आमा कुन्तीकुमारी र बुबा शालिकरामको सम्झनामा सोही वडाको कालीलेकमा ‘कामना’ मन्दिर बनाउनुभएको हो । ताराखोला र काठेखोला गाउँपालिकासमेत सीमामा पर्ने कालीलेक पर्यटकीय सम्भावना बोकेको ठाउँ हो । रु १० लाख खर्चेर मन्दिर निर्माण गरिएको बस्नेतले बताउनुभयो । “आमाबुबाको स्मृतिलाई चिरस्थायी बनाउन परिवारका तर्फबाट मन्दिर बनाएका हौं,” उहाँले भन्नुभयो । गाउँका कालिगढले स्थानीय सामग्री प्रयोग गरेर मन्दिर बनाएका हुन् । गलकोट-६ का अध्यक्ष नरबहादुर खत्रीले मन्दिरले कालीलेकको महत्व थप बढ्ने उल्लेख गर्नुभयो । पर्यटकीय सम्भावनायुक्त उक्त क्षेत्रलाई धार्मिक एवं सांस्कृतिक आस्थासँग पनि जोडेर प्रवर्द्धन गर्नुपर्नेमा उहाँको जोड छ । उहिलेको समयमा लेकमा खेती किसानी गर्ने बाउबाजेले मनोकाङ्क्षा पूरा हुने विश्वासमा कालीलेकको देउरालीमा पूजाआजा गर्ने चलन रहेको वडाध्यक्ष खत्रीले सुनाउनुभयो । सोही ठाउँ नजिक अहिले ‘कामना’ मन्दिर निर्माण गरिएको हो ।

# ज्येष्ठ नागरिलाई चिन्ता : नागरिक नभै मरिन्छ कि !

**–हरि बास्तोला**
**गण्डकी, ९ भदौ**

पोखरा वृद्धाश्रममा आश्रित छ ज्येष्ठ नागरिकलाई यतिखेर एउटै चिन्ताले सताउने गरेको छ, नेपालको नागरिक नभई मरिन्छ कि भन्ने ।

उमेरले जीवनको उत्तरार्ध अवस्थासम्म पनि आफ्नो नाममा नागरिकता प्रमाणपत्र नहुँदा उहाँहरू चिन्तित बन्नुभएको छ। सानै उमेरमा आमाबाबु गुमाउँदा बाल्यकालदेखि अर्काका घरमा श्रमिकरूपमा काम गर्नुपरेको उहाँहरू बताउनुहुन्छ । अहिले उहाँहरू नागरिकताका अभावमा राज्यबाट पाउने सुविधाबाट पनि वञ्चित हुनुपरेको दु ःखेसो गर्नुहुन्छ । वृद्धाश्रमकै सहारामा बाच्नु परेपनि कमसेकम नागरिकता लिएर आफूहरू नेपाली भएर बाच्न पाउने आशामा रहदै आएको ८० वर्षीया फुलमाया भुजेल बताउनुहुन्छ। पोखराको नयाँ बजार घर भएकी उहाँको आफ्नै पीडा व्यथा छन् । राम्रोसँग बोल्न र सुन्न नसक्ने उहाँ झण्डै एक दशकभन्दा बढी समयदेखि पोखरा वृद्धाश्रममा बस्दै आउनुभएको छ । आफन्तले साहारा दिने कोही नभएर नै वृद्धाश्रम पुगेकी उहाँलाई नागरिकता नपाउँदा थप चिन्तित बनाएको छ । उहाँले भन्नुभयो “आफू नेपाली नागरिक भएर पनि नागरिक नभए जस्तो लागिरहेको छ ।” फुलमाया जस्तै लमजुङको राइनास मोहोरीयाकोट जन्मस्थान भई घर परिवारको मायाबाट वञ्चित ७८ वर्षीय हरिबहादुर थापा विगत आठ वर्षयता सो वृद्धाश्रममा बस्दै आउनुभएको छ । ‘बाह्र छोरा तेह्रनाति बुढाएको धोक्रो काँधै माथि’ भने जस्तै श्रीमती, एक छोरा र दुई छोरीका यी अभिभावक यतिखेर आफन्त विहीन जस्तो भएर वृद्धाश्रममा बस्न बाध्य हुनुहुन्छ।

आफूले सक्दो उमेरसम्म तीनै छोराछोरी र श्रीमतीको लागि भारतमा मजदुरी गरेको स्मण गर्दै उहाँले अहिले पक्षघात भई अशक्त भएका अवस्थामा वृद्धाश्रमको साहारा खोज्नु परेको दुःखेसो गर्नुभयो । उमेर हुने अवस्थासम्म भारतको मजदुरी नै महत्वपूर्ण भयो नागरिकता बनाउने सोचनै बनेन अहिले परिवारबाट हेलत्वभएका अवस्थामा राज्यबाट पनि नागरिकता नपाएर हेपिएको महसु भएको उहाँले बताउनुभयो ।

त्यस्तै वृद्धाश्रममा आश्रित पर्वतको देउपुरका ६० वर्षीय राम गुरुङ, नवलपुरका रामचन्द्र चाँधरी, नारायण ढकुरी, धनबहादुर गुरुङको अहिलेसम्म नागरिकता छैन। उहाँहरू आश्रममा पुग्ने जोकोहीसँग पनि नागरिकता प्रमाणपत्र पाउने आशा देखाउने गरेका छन्। सानै उमेरमा आमाबुबा गुमाएर टुहुरा बनेको कारण आफन्तको घरमा बसेर हुर्कोका अधिकांशको नजिकैका नातेदार तथा पैत्रिक सम्पत्तिका नाममा अत्वपत्तो नभएका अस्पताल, प्रहरी र समाजका विभिन्न सङ्घ संस्थाकोमाध्यमबाट आश्रम आइपुग्ने गरेको वृद्धाश्रमको तथ्याङ्कमा उल्लेख छ । वृद्धाश्रमका अध्यक्ष कुशुमकेशव पराजुलीका अनुसार जिल्ला प्रशासन कार्यालय कास्कीबाट प्रमुख जिल्ला अधिकारीका पहलमा यसअघि १० आमाबुबाको नागरिकताको प्रमाणपत्र बनाइएको जानकारी दिनुभयो । बाँकी छ को पनि नागरिकता निकाल्न पहल भइरहेको उहाँको भनाइ छ।

“समाजका विपन्न, असहाय परिवारबाट अपहेलित ज्येठ नागरिकलाई आवासीय व्यवस्था गर्ने लक्ष्यका साथ २०५२ सालमा स्थापना गरी सञ्चालनमा आएका वृद्धाश्रममा हाल ४० ज्येष्ठ नागरिकसहित १२ सेवकसेविका गरी कूल ५२ को परिवार रहेको छ” उहाँले भन्नुभयो, “तीनै तहका सरकार, विभिन्न सङ्घ संस्था तथा व्यक्तिको सहयोगबाट आश्रम यतिखेर भौतिकरूपमा सम्पन्न भए पनि दैनिकखर्च सञ्चालन गर्न भने धौधौ पर्ने गरेको छ ।” आश्रममा अट्याज बाथरुम, चिसोतातो पानी, फिजियोथेरापी सेवा, बिरामी हुँदा औषधोपचारलगायतका विभिन्न सुविधा रहेको उल्लेख गर्दै अध्यक्ष पराजुलीले भन्नुभयो, “विशेष गरी जन्मोत्सव, विवाहको वार्षिकोत्सव तथा आफन्तका स्मृतिमा परिवारजनले गरिने दान तथा सहयोगले वृद्धाश्रम सञ्चालन हुँदै आएको छ।” यसैबीच पोखरा महानगरपालिका- ९ का दीपक बाटाजु र सिर्जना बाटाजुले आफ्नो वैवाहिक स्वर्णजयन्तीका उपलक्ष्यमा रु ६ लाख ५१ हजार पाँचको अक्षयकोष स्थापना गर्नुभएको छ।

# राम बजारमा गाईजात्रा २०७८ सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ भदौ**



राम बजार क्षेत्रमा २०६५ सालमा स्थापना गरिएको तायाः मचाः नाचको परम्परागत रूपमा संचालन गरिने गाईजात्रे पितृ कार्य यस वर्ष पनि कोरोना कहरको कारणबाट नाच नलिकाली थोरै भन्दा थोरैलाई सहभागी गराई छोटो दुरी कायम गर्दै सम्पन्न भएको छ। नेवा सामूदायका परिवारहरूमा स्वर्गारोहण हुनुभएका ब्यक्तिहरूको स्वर्गवासको कामना गर्दै राम मन्दिर रामबजारबाट शुभारम्भ गरिएको गाई निकाल्ने कार्यमा ५ वटा गाई सहभागी गराई कालीका मन्दिरको प्राङ्गणमा लागि नेवारी परम्परा अनुसार राम बजार ल्याह्म पुचः अध्यक्ष सुरज तभ्या, बिपिन गोशली,अंकित तण्डुकार लगायतका बाध्यबादक कलाकारहरूद्वारा बाजा गाँजाका साथ द्योःल्याह गरि पितृ कार्य सम्पन्न कार्यक्रममा स्व. भगवान राजभण्डारी र स्व. उमा देवी राजभण्डारीका छोरी अनिता राजभण्डारी, छोरा विशाल राजभण्डारी र गोपाल राजभण्डारीका परिवारको तर्फबाट १५ हजार १ सय ५ का साथ भ्याली १ सेट, स्व. हिमलाल प्रधानका श्रीमती चमेली प्रधान, छोरा सन्तोष प्रधान, संगम प्रधान र छोरी सम्झना प्रधानका परिवारको तर्फबाट १० हजार र भ्याली १ सेट, स्व. बद्रि नारायण राजभण्डारीका छोरा श्याम कुमार राजभण्डारी, बुहारी लक्ष्मी राजभण्डारी र छोरी रमा (राजभण्डारी) श्रेष्ठका परिवार बाट १० हजार ५, र स्व. सुन्तली जोशी स्व. दिल कुमार जोशी का छोरा अमृत कुमार जोशी, बिष्णु कुमार जोशी र अनिल जोशीका परिवारको तर्फबाट ५ हजार रूपैया सहयोग हस्तान्तर गरिएको कार्यक्रममा नाच समितिका गुरू सरन ताम्राकार, समितिका पदाधिकारी, ल्याह्म पुचः, मिशा पुचः, वडा समिति कार्यालय वडा नं १० का कार्यवाहक वडा अध्यक्ष प्रतिभा बिक पोखरेलले कला संस्कृति र संस्कार बचाई राख्न राम बजार तायाः मचाः नाच समिति लागी परेको र वडाले समेत यस्ता सांस्कृति संरक्षणमा सहयोग गर्ने बताउनु भएको पितृ उद्धार कार्य मा वडा सदस्य दीपक बहादुर थापा लगायतका राम बजार बासीको उपस्थितीमा सम्पन्न पितृ उद्धार कार्यक्रममा रामबजारका सहयोगी मित्रहरू सबैलाई तायाः मचाः नाच समितिका अध्यक्ष सम्मर बहादुर श्रेष्ठले हार्दिक धन्यबाद ज्ञापन गर्नुहुँदै समुदायमा पर्ने शुख दुखकासबै कार्यमा एकजुट भै सहभागी र सहयोग गर्नुपर्ने बताउनु भयो।

# मनाङको सीमानाकामा सुरक्षा जाँच कडाइ

**पोखरापत्र संवाददाता**
**मनाङ, ९ भदौ**

हिमाली जिल्ला मनाङको सीमावर्ती नाकामा सुरक्षा चेकजाँचमा कडाइ गरिने भएको छ। नाका खुला भएसँगै आपराधिक गतिविधि वृद्धि हुनसक्ने भएकाले जाँच कडाइ गरिने भएको हो। छिमेकी जिल्ला लमजुङ र जिल्लाको सीमावर्ती नाकामार्फत हुनसक्ने आपराधिक क्रियाकलाप न्यूनीकरणका लागि सुरक्षा जाँचमा कडाइ गर्न लागिएको छ।

मनाङ डिस्याङ गाउँपालिका-१ भ्राताङमा आयोजित अन्तरजिल्ला समन्वय बैठकले जाँचलाईप्रभावकारी र कडाइ गर्ने निर्णय गरेको हो । नाका खुला गरिँदा हुनसक्ने अवैध हातहतियार तथा विस्फोटक पदार्थ, लागुऔषध, धार्मिक तथा पुरातात्विक वस्तु, बहुमूल्य जडीबुटी, वनपैदावार, निषेधित एवं संरक्षित वन्यजन्तु/अखेटोपहारलगायतअवैध तथा बहुमूल्य वस्तुको चोरी निकासी तथा ओसारपसार गतिविधिमा रोक लगाउन सुरक्षा जाँच कडाइ गरिने भएको हो।

मनाङका प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले सीमा क्षेत्रमा नदी, खोलानालालगायतबाट हुने प्राकृतिक स्रोतसाधनको दोहन नियन्त्रण गर्न जाँज कडाइ गर्न लागिएको बताउनुभयो। उहाँका अनुसार ढुङ्गा, गिट्टी, बालुवालगायत नदीजन्य पदार्थको अवैधरूपमा हुने उत्खनन तथा चोरी निकासी नियन्त्रण गर्न सूचना आदानप्रदान गरी आवश्यक समन्वय गर्नेछ।

‘बाढीपहिराजस्ता विपद् व्यवस्थापन, विभिन्न प्राकृतिक प्रकोप तथा महामारीजन्य रोगका कारण उत्पन्न हुने जोखिम र क्षतिको न्यूनीकरणका लागि आपसी समन्वय र सहकार्य गर्ने निर्णय भएको छ’, प्रजिअ लामिछानेले भन्नुभयो । लमजुङका प्रमुख जिल्ला अधिकारी होमप्रसाद लुइँटेलका अनुसार अविरल वर्षासँगै आएको बाढी पहिरोका कारणले बेँसीसहर-चामे सडकखण्डमा धेरै क्षति पुगेको र गत जेठ १५ गतेदेखि नै सडक अवरुद्ध रहेको हुँदा उक्त सडक सञ्चालनमा ल्याउन समन्वयात्मक तवरबाट प्रयास थालिने छ। सडकको अनुगमन, निरीक्षण र निर्देशनलाई निरन्तररूपमा जारी राख्नेसमेत उहाँले बातउनुभयो। लामो समयदेखि सडक अवरुद्ध हुँदा जनजीवन कष्टकर हुँदै गएकाले बाढी प्रभावित क्षेत्रमा ढुवानी हुने खाद्यान्न, औषधि, इन्धन, निर्माण सामग्रीलगायत आपूर्तिको व्यवस्था गरी सहज अवस्थामा ल्याउन सहजीकरण गरिने लुइँटेलले बताउनुभयो।

त्यस्तै, कोरोना संक्रमण नियन्त्रण, रोकथाम र व्यवस्थापनका लागि दुवै जिल्लाका स्वास्थ्य संस्थाको समन्वयमा सूचना सम्प्रेषण तथा समन्वयात्मक ढङ्गले महामारीजन्य रोग रोकथाम तथा नियन्त्रणका लागि समन्वय गरिने भएको छ । विपद्को समयमा जिल्लाभित्र खोज तथा उद्धार कार्यमा खटिने मौजुदा सुरक्षाकर्मी जनशक्ति, उद्धार तथा आपत्कालीन राहत सामग्री अपुग भएमा दुवै जिल्लाका सुरक्षा निकायबीच आपसी समन्वय गरी परिचालन गर्ने निर्णय भएको लामिछानेले बताउनुभयो। बेँसीसहर-चामे सडकखण्डमा वर्षायाममा बाढीपहिरा तथा हिउँदमा हिमपहिराका कारण समय-समयमा सडक अवरुद्ध हुनसक्ने भएकाले आ-आफ्नो जिल्लाको सीमाभित्र पर्ने अवरुद्ध सडक तत्काल खुलाउन आवश्यक पहल गर्ने निर्णय भएको लामिछानेले बताउनुभयो।

बैठकमा मनाङका प्रहरी निरीक्षक अर्जुनध्वज अधिकारी, रणदल गुल्म मनाङका सेनानी सुजित अधिकारी, सशस्त्र प्रहरी बल मनाङका प्रहरी नायब उपरीक्षक होमनाथ पन्थी, अनुसन्धान प्रमुख सुन्दरमणि पोखेल, लमजुङका प्रहरी नायब उपरीक्षक कृष्णबहादुर कार्की, सशस्त्र प्रहरी बल लमजुङका प्रहरी नायब उपरीक्षक नवराज थापा, श्रीजङ्ग गणका सेनानी किशोर अधिकारी, जिल्ला अनुसन्धान प्रमुख कुमार बुढाथोकीलगायतको उपस्थिति थियो।

# कृषि उत्पादनतिर सहकारी

**पोखरापत्र संवाददाता**
**बागलुङ, ९ भदौ**

यहाँको एक सहकारीले कृषिमा लगानी गरेको छ । शङ्खधर बहुमुखी सहकारी संस्थाले बागलुङनगरपालिका-३ रुम्टामा कृषि व्यवसाय थालेको हो।

बाइस रोपनी जग्गा १० वर्षका लागि भाडामा लिएर कृषि खेती सुरु गरिएको सहकारीका अध्यक्ष रतनप्रसाद मलेपतीले जानकारी दिनुभयो । रुम्टामा रहेको लक्ष्मीनारायण कला मन्दिर गुठीको खेत वार्षिक रु ८५ हजारमा भाडामा लिइएको हो । पहिलो चरणमा आँप, कागती, अङ्गुर, लिचीलगायत गरी ३०० फलफूलका बोट लगाइएको अध्यक्ष मलेपतीले बताउनुभयो। उहाँका अनुसार छिट्टै तरकारी खेती, कुखुरा र बाख्रापालन व्यवसाय पनि सुरु गर्ने तयारीमा सहकारी छ । फलफूलबाहेक खाली रहेको जग्गामा व्यावसायिक धानबाली पनि लगाइएको सहकारीले जनाएको छ । कृषि व्यवसाय पूर्ण क्षमतामा सञ्चालनमा आउँदा आठदेखि १० व्यक्तिले प्रत्यक्ष रोजगारी पाउने अध्यक्ष मलेपतीको भनाइ छ। ऋण, बचतको कारोबार गर्दै आएको सहकारी पहिलोपटक व्यावसायिकरूपमा कृषि उत्पादनमा जोडिएको हो। सहकारीले कृषिमा लगानी गर्न गत आवमा रु ५० लाख बजेट छुट्याएको थियो । सहकारीले २० प्रतिशत पूँजी उत्पादनका क्षेत्रमा लगाउनुपर्ने राज्यको नीति छ । “कृषिको व्यावसायीकरणका साथै रोजगारी सिर्जना सहकारीको मुख्य उद्देश्य हो”, अध्यक्ष मलेपतिले भन्नुभयो, “बृहत् कृषि फार्मका रूपमा विकास गर्ने योजना छ।” सहकारीका सचिव युक्तजङ्ग राजभण्डारीले फलफूल खेतीका लागि नगरपालिकाले बिरुवा अनुदानमा दिएको बताउनुभयो। सहकारीले गत मङ्सिरदेखि जग्गा भाडामा लिएर कृषि सुरु गरेको उहाँको भनाइ छ। अन्नबाली र तरकारी खेती गरिँदै आएकामा गत महिनादेखि फलफूल खेती थालिएको हो। सदरमुकाम नजिकै सस्तो भाडामा उब्जाउ जमिन पाएपछि सहकारीलाई कृषि खेतीको योजना बनाउन सहज भएको हो।

त्यहाँको उत्पादन सजिलै बजार ल्याउन सकिन्छ। ऋण, बचतको काम मात्रै नगरी उत्पादनका क्षेत्रमा पनि लगानी गर्नुपर्ने प्रावधान भए पनि अधिकांश सहकारी त्यसतर्फ तत्पर छैनन् । केही सहकारीले गरेको लगानी पनि फलदायी हुनसकेको छैन । कृषि र पशुपालनको नाम दिएर सञ्चालित सहकारी पनि ऋण, बचतमा लागेका देखिन्छन् । कतिपय सहकारी भने स्थानीय उत्पादनको बजारीकरणमा लागेका छन्।






# नासों गाउँपालिकाको सेवा प्रवाह अब धारापानीबाट

**पोखरापत्र संवाददाता**
**मनाङ, ९ भदौ**

मनाङको नासों गाउँपालिकाले धारापानीबाट सेवा दिन थालेको छ । गत असार १ गते आएको बाढीपहिराका कारण उच्च जोखिममापरेपछिसोगाउँपालिकाको कार्यालय विस्थापित भएको थियो । त्यसपछि गाउँपालिकाले छिमेकी जिल्ला लमजुङको बेँसीशहरमा अस्थायी कार्यालय स्थापना गरेर अत्यावश्यक सेवा प्रवाह गर्दै आएको थियो।

मर्स्याङ्दी नदीको सतह घटेपछि अहिले गाउँपालिकाले वडा नं-३ को धारापानीस्थित कार्यालयबाट सेवा प्रवाह गर्न थालेको छ । विस्थापित भएको गाउँपालिकाको सेवा धारापानीबाटै थालिएको गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले बताउनुभयो । “गाउँपालिकाको भवन बाढीले पूर्ण रूपमा बगाएको छ। तर, वडा नं ३ को कार्यालयमा नै गाउँपालिकाको कार्यालय राखेर सेवा दिन थालेका हौं। यसले स्थानीयवासीलाई सेवा लिन र दिन पनि सहज भएको छ”, उहाँले भन्नुभयो, “जिल्लासँग जोड्ने सडक सञ्जाल अझैसम्म बन्न सकेको छैन । जोखिम मोलेर स्थानीयवासी सेवा लिन लमजुङ पुग्नुपर्ने समस्याले चिन्तित बनेका थिए । नदीमा पानीको सतह घटेपछि जिल्लामै कार्यालय स्थानान्तरण गरेर सेवा प्रवाह गर्न थालेका छौं ।” विद्युत् आपूर्ति सहज नभएको अवस्थामा पनि पालिकाले सौर्य ऊर्जाको प्रयोगबाट सेवा प्रवाह गर्दै आएको उहाँले बताउनुभयो। बाढीपहिराले गाउँपालिकाको कार्यालयमा रहेका सबै कागजात बगाए पनि प्रविधिले आवश्यक तथ्याङ्क सुरक्षित रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विश्वबन्धु रेग्मीले बताउनुभयो। उहाँले भन्नुभयो, “बाढीले सम्पूर्ण कागजात बगाए पनि प्रविधिको प्रयोगले सुरक्षित छ। प्रविधिको प्रयोग नभएको भए विगतका पुराना तथ्याङ्कबिना काम गर्न सकिदैन थियो, यसले हामीलाई सहज बनाएको छ।”

गत असार १ गते मर्स्याङ्दी नदीमा आएको बाढीले धारापानीस्थित नासों गाउँपालिकाको कार्यालयसँगै रहेको प्रभु बैंक, प्राइम कमर्सियल बैंक, सीमा प्रहरीचौकी, पर्यटकीय होटलसहित स्थानीयवासीका केही घर बगाएको थियो। गाउँपालिकामा बिजुली, सञ्चार, इन्टरनेट नहुँदा जनप्रतिनिधि, कर्मचारी र स्थानीयवासीबीच सम्पर्क विच्छेद भएको थियो। “एक ठाउँबाट अर्को ठाउँमा पुग्ने बाटो, पुल सबै बाढीले बगाएको छ, मान्छे हिँड्ने बाटो केही ठाउँमा स्थानीयवासीले बनाएका छन्,” उहाँले भन्नुभयो,“अझै पनि विद्युत्, सञ्चारलगायतका आवश्यक सेवाबाट स्थानीयवासी वञ्चित छन् ।”मनाङको केही स्थानमा सडक सञ्जाल निर्माण थालिएको छ । छिमेकी जिल्ला लमजुङबाट माथिल्लो सडकको ३५ किलोमिटरमा यातायात सुचारु भइसकेको छ।

त्यस्तै मनाङको मेरुदण्ड मानिने बेँसीशहर-चामे-माथिल्लो मनाङ जोड्ने सडकको निर्माण कार्य थालिएको छ। मनाङ डिस्याङ गाउँपालिका-१ तलेखु भ्राताङ भिरमा नेपाली सेनाको प्राविधिक टोलीले सडकको नयाँ ट्र्याक निर्माण गरिरहेको छ।

# बुधबार रातिदेखि मनसुन थप सक्रिय हुने

**रासस**
**काठमाडौं, ९ भदौ**

नेपालमा मनसुन थप सक्रिय हुने भएको छ। जल तथा मौसम विज्ञान विभागले बुधबार एक बुलेटिन निकालेर नेपालको पूर्वी तराईको भूभाग नजिक मनसुनको न्यून चापीय रेखा रहेको कारण विगत एक-दुई दिनअगाडि नेपालमा मनसुन केही सक्रिय रहेको जनाएको छ।

विभागका अनुसार बुधबार रातिदेखि उक्त न्यून चापीय रेखा अझ तराई भूभाग नजिक आउने र केही दिनसम्म सोही क्षेत्रमा रहने भएकाले सो प्रणालीका कारण देशका धेरै स्थानहरूमा हल्कादेखि मध्यम वर्षा-झरीको सम्भावना रहेको छ। राति देशभर सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानहरूमा हल्कादेखि मध्यम वर्षाको सम्भावनाका साथै प्रदेश नं १, २ वाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही स्थानहरूमा मेघगर्जनसहित भारी वर्षाको सम्भावना रहेको बताइएको छ।